# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

## विषयसूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | प्रथम वार्षिक साधारण सभा सम्बन्धि सुचना/पत्र | ख |
| २ | प्रतिनीधि पत्र (प्रोक्सी फारम) | घ |
| ३ | संस्थाको संक्षिप्त परिचय | १ |
| ४ | सञ्चालक समितिको वार्षिक प्रतिवेदन | ३ |
| ५ | लेखापरीक्षकको प्रतिवेदन | ११ |
| ६ | वासलात | १५ |
| ७ | नाफा नोक्सान हिसाव | १६ |
| ८ | नाफा नोक्सान वाँडफाँड हिसाव | १७ |
| ९ | नगद प्रवाह विवरण | १८ |
| १० | इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण | २० |
| ११ | वासलात र नाफा- नोक्सान हिसाबका अनुसुचीहरु | २१ |
| १२ | लेखा सम्बन्धि नीतिहरु | ४१ |
| १३ | लेखा सम्बन्धि टिप्पणीहरु | ४४ |
| १४ | नेपाल राष्ट्र बैंकको निर्देशन | ४९ |
| १५ | नेपाल राष्ट्र बैंकको निर्देशन उपर सञ्चालक समितीको प्रत्युत्तर | ५१ |
| १६ | प्रबन्धपत्रमा संशोधन सम्बन्धि तीन महले विवरण | ५२ |
| १७ | सफलताको कथा | ५३ |
| १८ | संस्थाका शाखा कार्यालयहरुको विवरण | ५५ |
| १९ | संस्थाको मानविय श्रोतको विवरण | ५६ |
| २० | नोट | ६० |

**सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**
Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको)

Address: Baglung Municplity-03, Nepal
Telephone: 977-068-520877
Email: info@cycnlbsl.org.np
Web: www.cycnlbsl.org.np

प.सं.: ०७६।०७७ मितिः२०७६।०९।०९
च.नं.:

श्री.......................................................ज्यू,

विषय :

महोदय,

प्रस्तुत विषयमा यस संस्थाको संचालक समितिको मिति २०७६ साल पौष ०८ गतेको दिन बसेको २५ औं बैठकको निर्णय बमोजिम संस्थाको प्रथम बार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन (पहिलो संशोधन) २०७४ को दफा ६७ (२) अनुसार यहाँको गरिमामय उपस्थितीका लागि अनुरोध गरिन्छ । साथै संस्थाको संस्थागत विकासमा सेयर सदस्यहरुको महत्वपूर्ण भूमिका रहने भएकाले कार्यक्रममा समयमानै उपस्थित भई यहाँको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
**सभा हुने मितिः** २०७६ साल पौष २९ गते मंगलबार (तदअनुसार जनवरी १४, २०२०)
**सभा हुने समयः** बिहान ११:०० बजे ।
**सभा हुने स्थानः** होटल दि राजन, बागलुङ बजार, बागलुङ न.पा. वडा नं.-३, बागलुङ ।

**बार्षिक साधारण सभाको छलफलका बिषयहरुः**

**क) साधारण प्रस्तावहरुः**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७५/२०७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७५/०७६ को लेखापरिक्षकको वार्षिक लेखापरिक्षण प्रतिवेदन, वासलात तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०७६ आषाढ मसान्त सम्मका नाफा नोक्सान हिसाब र सोही अवधिका नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुचीहरु समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

३. आर्थिक वर्ष २०७५।०७६ को लेखापरिक्षण गर्नका लागि सञ्चालक समितिबाट गरिएको लेखापरिक्षकको नियुक्ति र पारिश्रमीक अनुमोदन गर्ने सम्वन्धमा ।

४. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ र कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ. व. २०७६।०७७ को लेखापरिक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

५. आर्थिक वर्ष २०७५/०७६ मा भएको सञ्चालक समिति र अन्य समितिको बैठक भत्ता तथा समिति सम्वन्धि अन्य खर्च अनुमोदन सम्वन्धमा ।

६. बिविध :

**ख) बिशेष प्रस्तावहरु**

१. नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृत लिने, अभिलेख गर्ने, प्रबन्धपत्र नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

२. प्रथम संचालक समितिलाइ नै आगामी ४ (चार) वर्षका लागि निरन्तरता (Continuity) दिने सम्बन्धमा ।

३. कूनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैकमा निवेदन दिने, सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न, परार्मशदाता, मुल्याङ्कनकर्ता , लेखापरिक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धीत आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. बीमाको एजेन्ट भई कार्य गर्ने सम्बन्धमा ।

५. विप्रेशन (Remittances) सेवा संचालन गर्ने सम्बन्धमा ।

६. विबिध ।

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः**

१. साधारण सभामा भाग लिन आउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गर्न चाहाने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै बिहान १०.३० बजे भित्र यस संस्थाको केन्द्रीय कार्यालय बागलुङ न.पा. वडा नं. ०३, बागलुङमा दर्ता गराइ सक्नुपर्ने छ । प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ । शेयरधनी उपस्थित पुस्तिका सभा हुने बिहान १० बजे देखि खुल्ला रहने छ ।

४. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, समिक्षालय रोड, बा.न.पा.-३, बागलुङमा अथवा संस्थाको सम्पर्क नं. ०६८-५२०८७७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**रोशनकुमार अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव**

# प्रतिनिधि-पत्र (प्रोक्सी फाराम)

श्री सञ्चालक समिति
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
बागलुङ नगरपालिका-३, बागलुङ ।

**विषयः प्रतिनिधि नियुक्ति बारे ।**

महाशय,

........................ जिल्ला................... पालीका वडा नं. .......... बस्ने म/हामी ........................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७६ पौष २९ गते शनिवारका दिन हुने प्रथम वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .......................... जिल्ला.............................. पालीका वडा नं........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री .................................... शेयर प्रमाणपत्र नं. .......................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको,**
हस्ताक्षरको नमूना :
शेयर प्रमाणपत्र नं. :
शेयरधनी परिचय नं. :

निवेदक
दस्तखतः
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.:
शेयरधनी परिचय नं.:
मितिः

द्रष्टव्यः यो निवेदन सभा हुन भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

---

## प्रवेश–पत्र

शेयरधनीको नामः..........................
शेयरधनी नम्वर : ......................... शेयर संख्या : ................
(२०७६।०९।२९. गते शनिवारका दिन हुने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र।)

शेयरधनीको दस्तखतः

द्रष्टव्य : सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

................
**कम्पनी सचिव**

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

## (संक्षीप्त परिचय)

**पृष्ठभूमि**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (CYC Nepal Laghubitta Bittiya Sanstha Limited) राष्ट्रिय स्तरको “घ” वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोबारको ईजाजत पत्र प्राप्त संस्था हो । बागलुङ न.पा. वडा नं. ३, बागलुङ जिल्ला गण्डकी प्रदेश (प्रदेश नं ४) स्थीत चारतारे युवा क्लव सिवाईसी नेपालबाट विगत १८ वर्ष देखि संचालन भईरहेको लघुवित्त कार्यक्रम उक्त संस्थाबाट हस्तान्तरण भई मिति २०७५।१२।०१ देखि यस वित्तीय संस्था अन्तर्गत संचालन भईरहेको छ । यस संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने उद्यमशील र सिर्जनशील महिला तथा पुरुषहरुलाई विना धितो तथा धितो लिएर विभिन्न प्रकारका उद्यम गर्न कर्जा प्रदान गर्दछ । यसका साथै सदस्यहरुको स-साना वचत संकलन गर्ने र उनीहरुलाई आवश्यकता परेको बेला सहज रुपमा बचत फिर्ता गर्ने एवं सदस्यको दीर्घकालीन आवश्यकता पूरा गर्न लामो अवधिको बचत समेत संकलन गर्दछ ।

व्यक्तिहरुलाई सामाजिक रुपमा सजग, आर्थिक रुपमा आत्मनिर्भर र विकसित उद्यमशीलता प्राप्तिमा सहयोग गर्दै नेपालको गरिबी न्युनीकरण अभियानमा योगदान पुऱ्याउने सामाजिक वित्तीय संस्थाको रुपमा स्थापित हुने परिकल्पना राखेको संस्थाले सदस्यहरुको चौतर्फी विकासका लागि विभिन्न प्रकारका सीपमूलक तथा चेतनामूलक तालिम उपलब्ध गराउनुका साथै सदस्यलाई सफल उद्यमी हुनका लागि आवश्यक पर्ने उद्यमशीलता तालिम समेत प्रदान गर्दछ ।

वित्तीय सेवा नपुगेका नेपालका विभिन्न स्थानहरुमा मानिसहरुलाई सहज र दीगो ढङ्गबाट वित्तीय सेवा, वित्तीय सचेतना र सामाजिक चेतनाको प्रवाह गर्ने संस्थाको ध्येय रहेको छ । उक्त ध्येयलाई आत्मसाथ गर्दै अगाडि बढिरहेको यस संस्थाले बागलुङ, गुल्मी, अर्घाखाँची, तनहुँ, पाल्पा, पर्वत, लमजुङ र म्याग्दीमा २५ वटा शाखा मार्फत ३९ हजार भन्दा बढी सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

संस्थाले नेपालका दुर्गम क्षेत्रमा सेवा विस्तार गरी त्यहाका मानिसहरुलाई वित्तीय सेवा प्रदान गर्ने, ग्रामीण क्षेत्रका मानिसहरुमा वित्तीय सचेतना, उद्यमशीलता र जीविकोपार्जनका लागि सीप प्रदान गर्ने, उच्च उत्साह र सीपयुक्त मानव श्रोतको साथ सुव्यवस्थित, प्राविधिक रुपमा सक्षम र दीगो संस्थाको विकास गर्ने र परिवारको महिला सदस्यको सहभागितामा पारिवारिक आय वृद्धिमा सघाउ पुऱ्याउने जस्ता लक्ष्य लिएर अगाडि बढिरहेको छ ।

चारतारे युवा क्लव सिवाईसी नेपालको मुख्य प्रबर्द्धनमा मिति २०७५।०३।१७ मा पब्लिक कम्पनीको रुपमा स्थापित (दर्ता नं. १९२७१२/७४/७५) यस संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०७५।१०।२८ मा राष्ट्रिय स्तरको “घ” वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोबारको ईजाजतपत्र (इजाजतपत्र नं. ८६) प्राप्त गरेको छ ।

**परिकल्पना**

सदस्यहरुलाई सामाजिक रुपमा सजग, आर्थिक रुपमा आत्मनिर्भर र विकसित उद्यमशीलता प्राप्तिमा सहयोग गर्दै नेपालको गरिबी न्युनीकरण अभियानमा योगदान पुऱ्याउने सामाजिक वित्तीय संस्थाको रुपमा स्थापित हुने ।

**ध्येय**

वित्तीय सेवा नपुगेका नेपालका दुर्गम स्थानहरुमा मानिसहरुलाई सहज र दीगो ढङ्गबाट वित्तीय सेवा, वित्तीय सचेतना र सामाजिक चेतनाको प्रवाह गर्ने ।

**लक्ष्य**

- नेपालका दुर्गम क्षेत्रमा सेवा विस्तार गरी त्यहाँका मानिसहरुलाई वित्तीय सेवा प्रदान गर्ने ।
- ग्रामीण क्षेत्रका मानिसहरुमा वित्तीय सचेतना, उद्यमशीलता र जीविकोपार्जन सीप प्रदान गर्ने ।
- उच्च उत्साह र सीपयुक्त मानव श्रोतको साथ सुव्यवस्थित, प्राविधिक रुपमा सक्षम र दीगो संस्थाको विकास गर्ने ।
- परिवारको महिला सदस्यको सहभागितामा पारिवारिक आय वृद्धिमा सघाउ पुऱ्याउने ।

**भौगोलीक कार्यक्षेत्र :**
नेपालभर कार्य गर्ने गरी राष्ट्रिय स्तरको ईजाजत प्राप्त संस्था । (हाल देशका ६ जिल्लामा कार्यक्रम सञ्चालन भईरहेकोः बागलुङ, गुल्मी, तनहुँ, लमजुङ, पाल्पा र अर्घखाँची)

**केन्द्रिय कार्यालय :** १
**शाखा कार्यालयहरु :** २१

**संस्थाबाट प्रदान गरिने सेवाहरु :**
**लघुकर्जा :** सामुहीक जमानीमा विना धितो अधिकतम पाँच लाखसम्म र धितो जमानीमा अधिकतम् १० लाखसम्म ।
**लघुबचत :** ग्राहक सदस्यहरुबाट मात्र ।
**विमा सुविधाः** सदस्यहरुलाई भविष्यमा पर्न सक्ने जोखिमलाई मध्येनजर गरी संस्थाले विमा कम्पनीसंग सम्झौता गरी कर्जा लिएका ग्राहक सदस्यहरुको कर्जाको सुरक्षण र सदस्य र सदस्यको श्रीमान/श्रीमतीको मृत्यूमा प्रदान गरिने आर्थिक सुविधा र समवेदना ।
**आवास सुविधाः** सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. का सदस्यहरुको आफु बसीरहेको घर कुनै दैवी प्रकोप परेर क्षती भएको अवस्थामा क्षतीको परिमाणको आधारमा प्रदान गरिने सुविधा ।
**सुत्केरी सहयोग सुविधाः** बाल मातृ मृत्यूदरमा कमी ल्याउन सुत्केरी भएको ११ दिन भित्रै सदस्यको घरमा भेट्न जाने र २ वटा बच्चासम्मलाई रु. एकहजार पाँचसयका दरले उपलब्ध गराईने सुत्केरी भेटघाट तथा पोषण सुविधा ।
**शैक्षिक सुविधाः** संस्थाको लघुवित्त सेवामा संलग्न ग्राहक सदस्यहरुको छोरा/छोरीले सरकारी विद्यालयबाट एस.ई.ई. परीक्षामा विशिष्ठ श्रेणीमा उर्त्तिण भएमा रू. तीन हजारसम्म प्रदान गरिने शैक्षिक सुविधा ।
**बिरामी भेटघाट तथा औषधि उपचार सुविधाः** संस्थामा संलग्न सदस्यहरुलाई नेपाल सरकारबाट जटील प्रकृतिको रोग भनि चिकित्सकले प्रमाणित गरेको अवस्थामा प्रदान गरिने राहत सुविधा
**समुदायमा सिवाईसी कार्यक्रमः** संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थामा संलग्न सदस्यहरुको स्वास्थ्य समस्यालाई मध्येनजर गरी संस्थाले आफ्नो कार्यक्षेत्र अन्तर्गत यातायातको सुविधा नभएको स्थानमा स्ट्रेचर सहयोग गर्ने तथा संस्थाको शाखा कार्यालयबाट स्ट्रेचर उपलब्ध गराउने र तत्काल उपचार खर्च जुटाउन नसकेर अकालमै ज्यान गुमाउनुपर्ने समस्याको अन्त गर्न गरिने सहयोग ।

**२०७६ आषाढ मसान्तसम्मको वित्तीय विवरणको साराशं**

| क्र.स | शीर्षक | संख्या/रकम |
|---|---|---|
| १ | अधिकृत पुँजी | २० करोड |
| २ | जारी पुँजी | १० करोड |
| ३ | चुक्ता पुँजी | ७ करोड |
| ४ | निक्षेप दायीत्व | ६२,५२,५५,२७७.६९ |
| ५ | लगानीमा बाँकी कर्जा | ९८,९६,०८,१२४.०० |
| ६ | स्थिर सम्पत्ती | ४६,५४,१५२.५३ |
| ७ | कुल केन्द्र संख्या | १,७८८ |
| ८ | ग्राहक सदस्य संख्या | ३८,५५५ |
| ९ | कुल ऋणी सदस्य संख्या | २५,५२६ |
| १० | कुल कर्मचारी संख्या | ११६ |
| ११ | कुल सम्पत्ती | १,०४,७४,४८,०६५.५८ |

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को प्रथम वार्षिक साधारण सभामा संस्थाका अध्यक्ष श्री पद्मनाथ शर्माज्यू द्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**
सर्वप्रथम म यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को प्रथम वार्षिक साधारण सभामा यहाँहरु सबैजनालाई हार्दिक स्वागत गर्न चाहान्छु । अव म यस साधारण सभाको अवसरमा आ.व. ०७५।०७६ मा यस संस्थाले हासील गरेका उपलब्धी, सामना गर्नुपरेका चुनौती र आगामी वर्षको प्रस्तावित नीति तथा कार्यक्रमहरु लगायत विविध विषयहरुमा देहाय बमोजिमको प्रतिवेदन सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वीत ठानेको छु । साथै प्रतिवेदनलाई समर्थनका लागि समेत यहाँहरु माफ अनुरोध गर्दछु ।

१) **लघुवित्त कार्यक्रम**

नेपालमा लघुवित्त कार्यक्रमले गरीवी घटाउन ठुलो मद्धत गरिरहेको छ । मुलुकका दुरदराजका क्षेत्रमा लघुवित्त कार्यक्रम निकै प्रभावकारी रहेको पाईन्छ । वि.स २०६० मा ३१ प्रतिशत जनसंख्या गरिवीको रेखामुनी थिए । त्यसयता विस्तार भईरहेको लघुवित्त कार्यक्रमको मुख्य प्रभावले वि.स २०७६ सम्म आईपुग्दा गरिवीको रेखामुनी रहेको जनसंख्या झण्डै १० प्रतिशतले घटेको पाईन्छ । यसरी हेर्दा लघुवित्त कार्यक्रम गरिवी कम गर्ने औजारको रुपमा सावित भईरहेको छ । ग्रामीण क्षेत्रमा स-सानो रकम उत्पादनमुलक क्षेत्रमा परिचालन गरी सदस्यलाई आर्थिक क्रियाकलापमा समाहीत गरी उनीहरुको आर्थिक विकास गर्नु नै लघुवित्त कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । खास गरेर बैंकिङ पहुँच नहुने ग्रामीण क्षेत्रका लागि वित्तीय सेवा प्रदान गर्ने साथै त्यस क्षेत्रमा रहेका साहु महाजनको चर्को व्याजलाई निरुत्साहीत गरी विना धितो सानो सानो रकम समुहमा लगानी गर्नु नै लघुवित्तको विशेषता हो । अवका दिनहरुमा लघुवित्त मार्फत कर्जा दिने र असुली गर्ने कार्य मात्र नगरी सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतीक क्षेत्रसम्म योगदान पुऱ्याउनु पर्ने देखिन्छ ।

विकट तथा ग्रामिण क्षेत्रमा विपन्न बर्गको घर दैलोमा गई उनिहरुको आर्थिक तथा सामाजिक उत्थान र आय आर्जनको लागि अति नै उपयोगि रहेको यस किसिमको कार्यक्रमले नेपाल राष्ट्र बैंकको २०७६ असार मसान्तसम्मको तथ्याङ्क बमोजिम ९० वटा लघुवित्त वित्तीय संस्थाहरु मार्फत देशका ७७ वटै जिल्लाका ४३ लाख ३० हजार ५ सय छयासी घर परिवारलाई सेवा पुऱ्याई रहेको छ । यसका अतिरिक्त २८ वटा "क" वर्गका बाँणिज्य बैंकहरु, २९ वटा "ख" बर्गका विकास बैंकहरु र २३ वटा "ग" वर्गका वित्त कम्पनीहरु समेतले प्रत्यक्ष अप्रत्यक्ष रुपमा लघुवित्त सम्बन्धी कार्यक्रम संचालन गरिरहेका छन् ।

२) **विगत वर्षको कारोवारको सिंहावलोकन**

२०४९/०६/२६ मा बागलुङ जिल्ला साविकको तित्याङ ९ अदुवावारी स्थित सूचना, संगठन, वचत र सीपको चार वटा मूख्य विषयलाई मूल मन्त्र बनाई माटो, बाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित चारतारे युवा क्लव सिवाईसी नेपाल नामक गैर सरकारी संस्था यस संस्थाको मुख्य संस्थापक संस्थाको रुपमा रहेको छ । वि.स. २०५७ जेठ २३ गतेका दिन नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थता सम्बन्धी ऐन २०५५ अनुसार अनुमति प्राप्त गरी बागलुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, तनहुँ र लमजुङ जिल्लामा लघुवित्त कार्यक्रम मार्फत विपन्न वर्गका महिला पुरुषहरुलाई धितो र विना धितो सामूहिक जमानीमा ऋण उपलब्ध गराई गरिवी न्यूनीकरणको राष्ट्रिय अभियानमा सघाउ पुऱ्याउदै आएकोमा उक्त संस्थाबाट हस्तान्तरण भई आएको कार्यक्रमलाई मिति २०७५।१२।०१ देखि सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था अन्तर्गत संचालन गरी एक सफल लघुवित्त वित्तीय संस्थाको रुपमा संचालन भईरहेको छ । यस अवधिमा संस्थाको मुख्य संस्थापक चारतारे युवा क्लव सिवाईसी नेपालले विगत लामो समयदेखि लघुवित्त तथा सामाजिक रुपान्तरणको क्षेत्रमा आर्जन गरेको ख्यातीलाई वृद्धि गर्न सफल भएको छ ।

चारतारे युवा क्लव सिवाईसी नेपालको मुख्य प्रबर्द्धनमा मिति २०७५।०३।१७ मा पब्लिक कम्पनीको रुपमा स्थापित (दर्ता नं. १९२७१२/७४/७५) यस संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०७५।१०।२८ मा राष्ट्रिय स्तरको "घ" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोबारको ईजाजतपत्र (इजाजतपत्र नं. ८६) प्राप्त गरेको छ ।

३) **चालू वर्षको उपलब्धि र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा संचालक समितिको धारणाः**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. यस अवधिमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई चालू आर्थिक बर्ष २०७५।७६ को चैत्र १ गतेदेखि गते देखि चारतारे युवा क्लव सिवाईसी नेपालबाट बागलुङ, गुल्मी, लमजुङ, तनहुँ, पाल्पा र अर्घखाँची जिल्लामा २१ वटा शाखा कार्यालयहरु मार्फत सञ्चालीत लघुवित्त कार्यक्रम यस वित्तीय संस्थामा हस्तान्तरण भएको छ। आ.व. ०७६।०७७ मा शाखा संख्या ९ बृद्धि गरी ३० पुऱ्याउने रणनीति लिईएको छ। चारतारे युवा क्लव सिवाईसी नेपालबाट हस्तान्तरण भई आएका तथा नयाँ समेत सबै कार्यालयहरुबाट ७५ गाउँ/न.पा.हरुमा कार्यक्रम विस्तार भएको छ। आ.ब. २०७६/७७ मा यो संख्यालाई बृद्धि गरी १०४ वटा गाउँ/न.पा.हरुमा कारोबार संचालन हुने लक्ष्य लिइएको छ। आ.व. २०७६/७७ मा सदस्य वृद्धि तर्फ ५९०५ सदस्य वृद्धि गरी आ.व.को अन्तसम्म बाँकी सदस्य ४४४८९ पुऱ्याउने लक्ष्य रहेको छ। लगानीमा रहिरहेको कर्जा रु. ६८,२६,०४,६००/- वृद्धि गरी रु. १,६७,२२,१३,२२४ /- पुऱ्याउने लक्ष्य लिइएको छ। सदस्यहरुबाट संकलीत बचत रु. २९,९४,७२,७८७/- वृद्धि गरी रु.९२,४७,२८,०६६ /- पुऱ्याउने लक्ष्य लिइएको छ। आ.व. २०७५ चैत्र १ गतेको तुलनामा २०७६ आषाढ मसान्त र मंसिर मसान्तसम्म वित्तीय संस्थाको मूख्य वित्तीय अवस्था यस प्रकार रहेको छ।

| क्र.सं. | शिर्षक | एकाई | २०७५।१२।०१ | २०७६।०३।३१ | २०७६/०८/३० |
|---|---|---|---|---|---|
| १ | कार्यालय संख्या | संख्या | २२ | २२ | २६ |
| २ | सदस्य संख्या | संख्या | ३८,२९३ | ३८,५५५ | ३९३६४ |
| ३ | ऋणी संख्या | संख्या | २३,७६७ | २५,५२६ | २६५२१ |
| ४ | लगानीमा रहिरहेको ऋण | रकम रु. | ९२,८७,१०,४३३.०० | ९८,९६,०८,१२४ | १,०७,४३,५५,१०३ |
| ५ | बचत | रकम रु. | ६१,०४,११,१५०.०० | ६२,५२,५५,२७७.६९ | ६७,४२,१८,९५३ |

आर्थिक वर्ष ०७६।०७७ मा अन्य लघुवित्त संस्थाको उपस्थिती कम भएका हाल कार्यक्रम विस्तार भएका जिल्लाहरुमा तथा थप जिल्लाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरी शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गर्ने, केन्द्र बैठकलाई अझ प्रभावकारी बनाउन पुनरताजगी तालिम तथा वित्तीय साक्षरता कक्षा संचालन गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको प्रयाप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोवार बृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने लक्ष्य लिइएको छ। लघुवित्त क्षेत्रको वर्तमान चुनौतीलाई सामना गर्न तथा कारोबार गर्न उपयुक्त लघुवित्त वित्तीय संस्थाको छनोट गरी मर्जर प्रक्रियाबाट संस्थाको आकार विस्तार गर्ने लक्ष लिइएको छ।

४) **सञ्चालक समिति**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (क) अनुसार यस वित्तीय संस्थाको प्रथम बार्षिक साधारण सभा नभएसम्म अवधिको लागि संस्थापक सेयर धनीहरु मध्येबाट निम्नानुसारको ५ सदस्यीय संचालक समिति रहेको छ। यस प्रथम वार्षिक साधारण सभामा यसै संचालक समितिलाई निरन्तरताका लागि प्रस्ताव गरिएको छ। समीक्षा आर्थिक वर्षमा संचालक समितिको बैठक १६ पटक बसेको छ।

| क्र.स | नामथर | पद |
|---|---|---|
| १ | पद्मनाथ शर्मा | अध्यक्ष |
| २ | लक्ष्मण खड्का | सञ्चालक सदस्य |
| ३ | सीता शर्मा | सञ्चालक सदस्य |
| ४ | रेशमवहादुर खत्री | सञ्चालक सदस्य |
| ५ | अमृतप्रसाद उपाध्याय | सञ्चालक सदस्य |

५) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट वित्तीय संस्थाको कारोबारलाई पारेको असर :**

आर्थिक वर्ष २०७५/७६ मा नेपालको समग्र आर्थिक गतिविधिमा विस्तार भएको छ। अनुकूल मौसम, स्थिर सरकार, लगानीको अनुकूल वातावरण, ऊर्जाको उपलब्धता लगायत आपूर्ति व्यवस्थामा सुधार भएको छ। आर्थिक गतिविधिहरु

सकारात्मक दिशातर्फ उन्मुख भएकाले यस वित्तीय संस्थाको कारोवारमा सकारात्मक प्रभाव देखिएको छ । तर सो अनुकूल अर्थतन्त्रमा पूँजी निर्माण हुन नसकेकोले बैंक वित्तीय संस्थावाट लिइने कर्जा सापटको ब्याजदरमा पनि निकै वृद्धि हुन गएको छ । लघुवित्त संस्थाको संख्या र शाखा कार्यालय विस्तार गरिरहेकाले लघुवित्त संस्थाहरु बीच तीब्र अस्वस्थ प्रतिष्पर्धा बढेर व्यवसाय विस्तारमा ठूलो चुनौती थपिएको छ । यसले समग्रमा लगानी वृद्धि, कर्जाको गुणस्तर वृद्धि तथा नाफामा असर पर्न गएको छ ।

६) **प्रमुख कार्यकारी अधिकृतः**

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा संचालक समितिले श्री रोशनकुमार अधिकारीलाई मिति २०७५/०६/१ देखि ४ वर्ष अवधिको लागि नियुक्त गरेको छ ।

७) **तालिम तथा शिक्षाः**

वित्तीय संस्थाले आफ्नो कार्यक्रम संचालनका क्रममा संस्थाका सदस्यहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती, च्याउँखेती, अगरवत्ति निर्माण, क्रिष्टल गहना निर्माण सम्वन्धि तालिम, वित्तीय साक्षरता सम्वन्धि तालिम जस्ता विविध सिपहरु प्रदान गरिएको छ । कर्मचारीहरुका लागि पुर्वसेवाकालीन तालिम, प्रभावकारी उद्घोषण तथा समाचार लेखन तालिम, लघुवित्त व्यवस्थापन तालिम, कर्जा व्यवस्थापन तालिम, शाखा व्यवस्थापन तालिम, सकारात्मक सोच विकासका लागी अन्तरक्रिया, लघुवित्त कार्यक्रम अन्तर्गत वार्षिक केन्द्र प्रमुख उप प्रमुख गोष्ठि तथा शाखास्तरीय योजना तर्जुमा गोष्ठि, लगायतका आवश्यक तालिम तथा गोष्ठीहरु संचालन गरिएको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि स्थलगत तथा गैर स्थालगत रुपमा तालिम तथा परामर्श प्रदान कार्य निरन्तर रुपमा गरिएको छ ।

८) **सूचना, प्रविधि, प्रकाशन र प्रसारणः–**

संस्थाको कारोबार दिन प्रतिदिन वृद्धि भईरहेको सन्दर्भमा सुचनालाई अध्यावधिक गर्ने कार्यमा नयाँ नयाँ प्रविधिहरुले महत्वपूर्ण भूमीका खेल्दै आईरहेका छन् यी नयाँ नयाँ प्रविधिको प्रयोग गरी संस्थाले आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार, प्रकाशन र प्रसारण गरिरहेको छ । संस्था जीवन्तता, गतिशीलता र परिकल्पना अनुसारको लक्ष्यमा गुणात्मक फड्को मार्नका लागि निश्चित रुपमा व्यवस्थित सूचना प्रणाली, प्रकाशन, प्रसारण र सम्प्रेषणमा भर पर्दछ यस वस्तु तथ्यलाई आत्मसात् गर्दै संस्थाले गरिरहेका कार्यहरुलाई आफ्नो वेभसाईट, फेसबुक पेज तथा रेडीयो टेलीभिजन, पत्र पत्रीका तथा अनलाईन पत्रीकाको माध्यमवाट प्रचार प्रसारको कार्य गरिरहेको छ । संस्थाले वार्षिक रुपमा आफ्ना गतिविधिहरु समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आईरहेको छ भने त्रैमासीक रुपमा आफ्ना गतिविधिहरु समेटी संस्थाको मुखपत्र प्रकाशन गर्ने लक्ष्य लिएको छ । वित्तीय संस्थाले विभिन्न विषयका समसामयिक पोष्टर, भित्ते पात्रो, पम्पलेट, फल्याक्स प्रकाशन गरी सदस्यहरुलाई शुसुचीत गर्ने कार्य गरिरहेको छ । यस आ.व. मा ग्राहक सदस्य र कर्मचारीहरु गरी जम्मा ३१३५ जनालाई विभिन्न तालिम तथा शिक्षा प्रदान गरिएको छ ।

वित्तीय संस्थाले दैनीक कारोवारको अभिलेख राख्न र अनुगमन प्रणालीलाई चुस्त दुरुस्त र व्यवस्थीत गर्नका लागि ईन्फो डेभ्लोपर्स कम्पनीद्धारा विकसीत ईम्पावर नामक सफट्वयर प्रयोग गरिरहेको छ । आगामी वर्षमा संस्थाले मानव श्रोत व्यवस्थापन सफट्वयर, स्थीर सम्पत्ति तथा मसलन्द सामग्री अभिलेखको लागि सफ्टवेयरको व्यवस्था, सदस्यहरुलाई एस.एम.एस. बैंकीङ लगाएतका नयाँ नयाँ प्रविधिको प्रयोगमा ल्याउने रणनीति लिएको छ ।

९) **कारोबारलाई असर पार्ने मुख्य कुराहरु**

यस वित्तीय संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरु यस प्रकार रहेका छन् ।

१. विगत केही समयदेखि वित्तीय क्षेत्रमा देखिएको तरलताको उत्तार-चढावका कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने प्रभाव,
२. घरजग्गा तथा पूँजी बजारमा देखिएको मन्दीका कारण पर्न सक्ने असरहरु ,
३. केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धि नीति तथा निर्देशनमा परिवर्तन गर्दा पर्न सक्ने असरहरु ।
४. संस्थावाट प्रदान गरेको तथा गरिने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋणहरु समयमा भुक्तानी नहुँदा पर्न सक्ने असरहरु,
५. वजारमा हाल संचालीत तथा नयाँ प्रवेश हुने वैंक तथा वित्तीय संस्थाहरु र यिनीहरुबाट हुने प्रतिस्पर्धाका कारण हुनसक्ने असरहरु ,

६. आगलागी, वाढि पहिरो, भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट सदस्यहरुमा परेको नकरात्मक असर,
७. वित्तीय बजारमा लगानी योग्य तरल रकमको अभावबाट लगानीको लागि आवश्यक कर्जा सापट प्राप्त नहुने र यस तरलता संकुचनबाट लिएको कर्जा सापटको ब्याजदरमा वृद्धि भई लागत बढ्ने जोखिम ।
८. सदस्य दोहोरोपनाका कारण ग्राहकबाट भइरहेको बहुबैकिङ्ग कारोबारबाट उत्पन्न हुने जोखिमहरु ।
९. एक सदस्यले धेरै जनाको कर्जा चलाइदिने कारणबाट पर्ने असर ।
१०. अनुभवी र दक्ष कर्मचारीको अभावबाट पर्न सक्ने असरहरु ।

यि कारणहरुबाट संस्थालाई पर्न सक्ने जोखिम तथा वित्तीय उपलव्धी प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित नोक्सानीको व्यवस्था गर्नुका साथै सुरक्षित लगानीको विभिन्न अवसरहरुका लागि आवश्यक रणनीतिहरु अवलम्वन गर्दै अझ वढि क्रियाशिल र सजगता अपनाउनु पर्ने देखेका छौं ।

**१०) लघुवित्त कार्यक्रम सुधारका लागि भावी कार्यक्रम**

लघुवित्त वित्तीय संस्थाहरुको सेवाले आर्थिक अवस्था कमजोर रहेका व्यक्तिहरुलाई अगाडि बढाउनु पर्नेमा कतै कतै सदस्यको क्षमताभन्दा बढी कर्जाहरु प्रवाह भएकोले सदस्यहरु कर्जाको भारमा पर्न गएको देखिन्छ । एउटै सदस्य धैरै संस्थामा बस्ने र एउटा संस्थाबाट कर्जा लिई अर्को संस्थाको कर्जा तिर्ने परिपाटी पछिल्लो समयमा मौलाउदै गएको छ । यस्तो अवस्थालाई रोक्न र लघुवित्तको कर्जामा शुद्धता ल्याउनका लागि कर्जाको विश्लेषण गरी मात्र कर्जा प्रदान गर्ने र कर्जा प्रदान गरिसकेपछी अनिवार्य रुपमा कर्जा सदुपयोगिता गर्ने कार्यलाई आगामी आ.व.मा प्राथामिकतामा राखिने छ । यसै गरी सदस्यहरुलाई उद्यमसंग सम्वन्धित तालिम, सीप विकास तालिम लगाएतका तालिमहरु प्रदान गरी आय आर्जनमा बृद्धि हुने कार्यहरु गरिने छ ।

**११) लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया**

एस.आचार्य एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टसद्धारा यस वित्तीय संस्थाको आ.ब. २०७५/७६ को लेखापरीक्षण गरेको छ । कार्य संचालनमा हुने सामान्य कैफियतमा दिइएका सुझाव बाहेक निजले पेस गरेको लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख छैनन् । लेखापरीक्षकबाट प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयन गरिरहेका छौं ।

**१२) लाभांश बाँडफाँड**

आर्थिक बर्ष २०७५/७६ मा यस वित्तीय संस्थाले सर्वसाधरणको लागि शेयरको प्रारम्भिक निष्काशन गरी नसकेकोले लाभांशको लागि कुनै पनि रकम छुट्याइएको छैन ।

**१३) आन्तरीक नियन्त्रण प्रणाली**

यस संस्थाले आन्तरिक नियन्त्रणको लागि प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, कम्प्युटरकृत अभिलेख प्रणाली, नियमित अनुगमन, आन्तरिक लेखापरीक्षण जस्ता प्रयास गर्दै आएको छ । "संस्था नेताले होईन नीतिले चल्नु पर्दछ" भन्ने संस्थाको मान्यता रहेको छ । ग्राहक सदस्यहरुलाई आत्मनिर्भरताको बाटोमा हिंडाउनु पर्छ भन्ने हाम्रो अवधारणा हो । यही कुरालाई मध्येनजर गर्दै संस्थाले आफूलाई संस्थागत बनाउदै लगेको छ । हालसम्म निम्नानुसारका नीति नियम र निर्देशिकाहरु निर्माण गरी सोही नीति नियम र निर्देशिकाको आधारमा संस्था संचालित छ ।

१. आर्थिक प्रशासन विनियमावली,
२. कर्मचारी सेवा विनियमावली,
३. कर्जा अपलेखन विनियमावली,
४. लेखापरीक्षण नीति,
५. कर्जा नीति,
६. सूचना प्रविधि सम्बन्धी नीति,
७. ग्राहक पहिचान निर्देशिका,
८. बचत तथा कर्जा निर्देशिका

९. कर्मचारी क्षमता अभिबृद्धि कोष कार्यविधी
१०. ग्राहक संरक्षण कोष कार्यविधी
११. लघुउद्यम कर्जा लगानी तथा धितो मुल्याङ्कन निर्देशिका

नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ मा भएको ब्यवस्था अनुसार संचालक समितिले आफ्नो मातहतमा लेखापरीक्षण उपसमिति, जोखिम ब्यवस्थापन उपसमिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमिति, पदपुर्ति उपसमिति, आर्थिक निर्देशन उपसमिति, खरिद उपसमिति र सम्पत्ति शुद्धीकरण अनुगमन उपसमिति गठन गरी काम, कर्तव्य र अधिकार तोकिदिएको छ।

**क) लेखापरीक्षण समितिः**

संचालक समितिले संस्थाका सञ्चालक श्री रेशमवहादुर खत्रीको संयोजकत्वमा ३ सदस्यीय लेखापरीक्षण समिति गठन गरेको छ। सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभागका प्रमुख र सदस्यमा कर्जा विभाग प्रमुख रहेका छन्। सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी संस्थाको ब्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ। यस अवधिमा लेखापरीक्षण समितिको १ पटक बैठक बसेको छ।

**ख) जोखिम व्यवस्थापन समितिः**

संचालक समितिले संस्थाका सञ्चालक श्री सीता शर्माको संयोजकत्वमा ३ सदस्यीय जोखिम व्यवस्थापन समिति गठन गरेको छ। सो समितिमा आन्तरीक लेखा परीक्षण विभागका प्रमुखलाई सदस्य सचिव र कर्जा विभाग प्रमुखलाई सदस्य तोकिएको छ। सो समितिले संस्थाको विद्यमान जोखिम पहिचान, व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता, व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम बहनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था आदि सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने कार्य गरेको छ। यस अवधिमा जोखिम ब्यवस्थापन समितिको १ पटक बैठक बसेको छ।

**ग) कर्मचारी सेवा सुविधाः**

संचालक समितिले संस्थाका सञ्चालक श्री लक्ष्मण खड्काको संयोजकत्वमा ३ सदस्यीय कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ। सो समितिमा मानव श्रोत व्यवस्थापन विभाग प्रमुख सदस्य सचिव र वित्त विभाग प्रमुखलाई सदस्यको रुपमा तोकिएको छ। सो समितिले समय समयमा कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु, गर्ने जस्ता कार्यहरु गरेको छ। यस अवधिमा कर्मचारी सेवा सुविधा समितिको ३ पटक बैठक बसेको छ।

**घ) पदपुर्ति समितिः**

संचालक समितिले संस्थाको मानव श्रोत व्यवस्थापन विभाग प्रमुख श्री संगिता शर्मा पौडेलको संयोजकत्वमा ३ सदस्यीय पदपुर्ति समिति गठन गरेको छ। सो समितिमा सामान्य सेवा विभागबाट एक जना सदस्य सचिव र वित्त विभाग प्रमुखलाई सदस्यको रुपमा तोकिएको छ । सो समितिले संस्थामा आवश्यक कर्मचारीहरुको विज्ञापन गर्ने, नियुक्तीका लागि सिफारिस गर्ने, संस्थामा आवश्यक कर्मचारीको पदपूर्तिका परिक्षा र अन्तर्वार्ता सम्बन्धि काम गर्ने, संस्थामा कार्यरत कर्मचारीहरुको वार्षिक रुपमा कार्य सम्पादन मूल्याङ्कन गरी संचालक समितीमा पेश गन, दरखास्त दिने उम्मेदवारहरु अधिक भएमा सो मध्येवाट छोटो सुचि तयार पार्ने जस्ता कार्यहरु गरेको छ। यस अवधिमा पदपुर्ति उपसमितिको १ पटक बैठक बसेको छ।

**ङ) आर्थिक निर्देशन समितिः**

संचालक समितिले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रोशनकुमार अधिकारीको संयोजकत्वमा ५ सदस्यीय आर्थिक निर्देशन समिति गठन गरेको छ। सो समितिमा मानवश्रोत व्यवस्थापन विभाग प्रमुख, वित्त विभाग प्रमुख, सुचना प्रविधि विभाग प्रमुख र सामान्य सेवा विभागबाट एक जना सदस्य रहने व्यवस्था छ। यस उपसमितिले संस्थाको आर्थिक कारोवार चुस्त दुरुस्त, व्यवस्थित एवं मितव्ययी बनाउने, संस्थाको आर्थिक कारोवारहरुमा एक रुपता ल्याउने, आर्थिक नियन्त्रण सम्बन्धी व्यवस्था सुदृढ गर्ने र आवश्यक प्रतिवेदन तथा विवरणहरु समयमा नै तयार गर्न सघाउ पुऱ्याउने, खरिद उपसमितिको अधिकार क्षेत्र भन्दा माथीका सामान खरिद गर्नुपरेमा खरिद सम्वन्धि कार्यहरु गर्ने जस्ता कार्यहरु गर्ने गरेको छ।

**च) खरिद समितिः**

संचालक समितिले संस्थाको मानव श्रोत विकास विभाग प्रमुख श्री संगिता शर्मा पौडेलको संयोजकत्वमा ३ सदस्यीय खरिद

समिति गठन गरेको छ। सो समितिमा सामान्य सेवा विभागबाट एक जना व्यक्ति सदस्य सचिव र आन्तरीक लेखा परीक्षण विभाग प्रमुख सदस्य रहने व्यवस्था गरिएको छ। यस उपसमितिले संस्थामा आवश्यक बस्तुहरु खरिद गर्न विक्रेताहरुबाट कोटेशन माग गर्ने र आवश्यकताका आधारमा खरिद गर्ने, सामान खरिदका लागि बोलपत्र आव्हान गर्ने जस्ता कार्यहरु गर्ने गरेको छ। यस अवधिमा खरिद उपसमितिको १० पटक बैठक बसेको छ।

छ) **सम्पत्ति शुद्धीकरण अनुगमनसमितिः**

संचालक समितिले संस्थाका संचालक सदस्य श्री अमृतप्रसाद उपाध्यायको संयोजकत्वमा ३ सदस्यीय सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ। उक्त समितिमा सुचना तथा प्रविधि विभाग प्रमखु सदस्य सचिव र मानव श्रोत विकास विभाग प्रमुख सदस्य रहने व्यवस्था गरिएको छ। सो उपसमितिले सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम संस्थामा भए गरेका कामहरुको अनुगमन गर्ने प्रणालीको विकास गरिएको छ। यस अवधिमा सम्पत्ति शुद्धिकरण अनुगमन उपसमितिको २ पटक बैठक बसेको छ।

१४) **वित्तीय साक्षरता अभियानः**

कुनै पनि व्यक्ति वित्तीय रुपमा साक्षर नभएसम्म उसको आर्थिक अवस्था सुधार हुन नसक्ने विषयलाई संस्थाले ध्यानमा राखी यस आ.व.मा सम्पूर्ण शाखा कार्यालयबाट वित्तीय साक्षरता अभियान सञ्चालन गरिएको छ। ग्राहक सदस्यहरुलाई आर्थिक निर्णय गरी कर्जा बचतको कारोवार गर्न सक्षम बनाउन अभिप्रायले बचत, पारिवारिक बजेट, वैदेशिक रोजगार, कर्जा सदुपयोगिता आदि विषयमा श्रव्य दृश्य सामग्री बनाई फलेक्स, ब्रोसर, क्यालेण्डर तथा समूहमा भिडियो मार्फत सो बारेमा छलफल गर्ने उपायहरु अवलम्वन गरी वित्तीय साक्षरता फैलाउने कार्यमा संस्थाले तिव्रता दिएको छ।

१५) **सामाजिक सुरक्षा तथा मानविय समवेदनामा वित्तीय संस्थाले गरेका कार्यहरु**

**क) विमा सुविधाः** सदस्यहरुलाई भविष्यमा पर्न सक्ने जोखिमलाई मध्येनजर गरी संस्थाले विमा कम्पनीसंगको सम्झौतामा ऋण लगेका सदस्यहरुको ऋणको सुरक्षण, सदस्य र सदस्यको श्रीमान/श्रीमतीको मृत्यूमा प्रदान गरिने आर्थिक सुविधा र ग्राहक सदस्यहरुको घरमै पुगेर समवेदना प्रकट गर्ने गरिएको।

**ख) आवास सुविधाः** सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. का सदस्यहरुको आफु बसीरहेको घर कुनै दैवी प्रकोप परेर क्षती भएको अवस्थामा क्षतीको परिमाणको आधारमा आर्थिक सहयोग गर्ने गरिएको।

**ग) सुत्केरी सहयोग सुविधाः** बाल मातृ मृत्यूदरमा कमी ल्याउन सुत्केरी भएको एघार दिन भित्रै सदस्यको घरमा भेट्न जाने र दुई वटा बच्चासम्मलाई रु. एकहजार पाँचसयका दरले उपलब्ध गराईने सुत्केरी भेटघाट तथा पोषण सुविधा।

**घ) शैक्षिक सुविधाः** संस्थाको लघुवित्त कार्यक्रममा संलग्न सदस्यहरुको छोरा/छोरीले सरकारी विद्यालयबाट एस.एल.सी परीक्षामा विशिष्ठ श्रेणीमा उर्त्तिण भएमा रु. तीनहजारसम्म प्रदान गरिने शैक्षिक सुविधा।

**ङ) विरामी भेटघाट तथा औषधि उपचार सुविधाः** संस्थाका संलग्न सदस्यहरुलाई तोकिएका जटील प्रकृतिको रोगमा उपचार गर्न प्रदान गरिने राहत सुविधा

**च) समुदायमा सिवाईसी कार्यक्रमः** संस्थामा संलग्न सदस्यहरुको स्वास्थ्य समस्यालाई मध्येनजर गरी संस्थाले मोटरबाटो नपुगेका ठाउँमा स्टेचर सहयोग गर्ने तथा संस्थाको शाखा कार्यालयबाट स्टेचर उपलब्ध गराउने र तत्काल उपचार खर्च जुटाउन नसकेर अकालमै ज्यान गुमाउनुपर्ने समस्याका अन्त गर्न गरिने सहयोग।

**अन्तमा :**

यो संस्थालाई सफलता पूर्वक सञ्चालन गर्नका लागि विभिन्न क्षेत्रमा रही सहयोग पुऱ्याउने शेयरधनी महानुभावज्यूहरु, कम्पनी रजिष्टारको कार्यालय, नेपाल राष्ट्र बैंक, चारतारे युवा क्लव सिवाईसी नेपाल, सरकारी, अन्य सहयोगी शुभेच्छुक साझेदार संघ संस्थाहरुमा हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछु साथै आगामी दिनहरुमा पनि यस संस्थाको उन्नति प्रगतिमा रचनात्मक सहयोग र सद्भाव प्राप्त भै रहने अपेक्षा राख्दै यो प्रतिवेदन छलफल र स्वीकृतिको लागि पेश गर्दै विदा चाहन्छु।

मितिः-२०७६।०९।२९

**पद्मनाथ शर्मा**
**अध्यक्ष**

# कम्पनी ऐन, २०६३ को दफा १०९ अन्तर्गत सञ्चालक समितिको छुट्टै प्रतिवेदनमा उल्लेख हुनुपर्ने विवरणहरुका बाँकी बुँदागत विवरणहरुः

(क) **विगत बर्षको कारोवारको सिंहावलोकन :**
अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ख) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सोको असरः**
अध्यक्षज्यूद्वारा प्रस्तुत संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ग) **प्रतिवेदन तयार भएको मितिसम्म चालू बर्षको उपलब्धि र भविश्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणः**
अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(घ) **कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**
वित्तीय संस्था आफ्ना सबै सरोकारवाला पक्षसँग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ । कर्जा सापट प्राप्त गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु लगायत सबै संस्था तथा निकायहरुसँग सौहार्द सम्बन्ध रहेको छ । वित्तीय संस्था भित्र सबै तहका कर्मचारीहरुमा पुर्ण सामान्जस्यता कायम रहेको र निरन्तर एकै परिवार सरह अनुभुती हुने कार्यगत संस्कार रहेको छ ।

(ङ) **संचालक समितिमा भएको हेरफेर र सोको कारणः**
हालसम्म सञ्चालक समितिमा कुनै हेरफेर गरिएको छैन ।

(च) **कारोवारलाई असर पार्ने मुख्य कुराहरुः**
अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(छ) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**
लेखा परीक्षण प्रतिवेदनमा नियमित कारोबारका सामान्य कैफियत बाहेक गम्भीर प्रकृतिका त्रुटीहरु देखिएको छैन । लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ । प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई अनुसरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

(ज) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
आर्थिक बर्ष २०७५/७६ को खुद मुनाफाबाट लाभांश बाँडफाँड गर्न कुनै पनि रकम सिफारिस गरिएको छैन ।

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगाबै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछी सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**
हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

(ञ) **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ट) **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ठ) **आर्थिक वर्ष ०७५।०७६ मा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
हालसम्म कुनै जानकारी प्राप्त भएको छैन ।

(ड) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

निम्न संचालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको सेयर धारण गर्नुभएकोः

| क्र.सं. | नाम | पद | सेयर स्वामीत्व (कित्ता) |
|---|---|---|---|
| १ | पद्मनाथ शर्मा | अध्यक्ष | ७००० |
| २ | लक्ष्मण खड्का | सञ्चालक | ५००० |
| ३ | सीता शर्मा | सञ्चालक | १५००० |
| ४ | रेशमवहादुर खत्री | सञ्चालक | ४००० |
| ५ | अमृतप्रसाद उपाध्याय | सञ्चालक | ५००० |

(ढ) **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा** : छैन ।

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम** :
आफ्नो कुनै सेयर आफूले खरिद गरेको छैन ।

(त) **आन्तरिक नियन्त्रण प्रणालि भए वा नभएको र भएको भए सो को विस्तृत विवरण** :
अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(थ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण** :
कर्मचारी खर्च रु.२,०३,६४,३२७.०० र अन्य संचालन खर्च रु.७७,१२,११३.३६ गरी कूल व्यवस्थापन खर्च रु.२,८०,७६,४४०.३६ रहेको छ ।

(द) **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण** :
संचालक समितिले संस्थाका सञ्चालक श्री रेशमवहादुर खत्रीको संयोजकत्वमा ३ सदस्यीय लेखापरीक्षण उपसमिति गठन गरेको छ । सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभागका प्रमुख मुक्तिप्रसाद शर्मा र सदस्यमा कर्जा विभाग प्रमुख प्रेमवहादुर थापा रहुन भएको छ । समितिलाई यस अवधिमा कुनै पनि सेवा सुविधा दिईएको छैन । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी संस्थाको ब्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ । समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गरेको छ ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा** : नभएको

(न) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,** –
संचालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान गरिएको रकम रु.९६,३३०।- रहेको छ ।
कार्यकारी प्रमुखलाई पारिश्रमिकको रुपमा जम्मा भुक्तान गरिएको रकम रु. १८,०३,३६०।-

(प) **सेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम**:
हालसम्म लाभांश वितरण गरिएको छैन ।

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण** :
सम्पत्ती खरिद विक्री नभएको ।

(ब) **कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण** : नभएको

(भ) **कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराहरु** :
खुलाउनुपर्ने अन्य कुराहरु नभएको ।

(म) **अन्य आवश्यक कुराहरु** :
अन्य आवश्यक कुराहरु नभएको ।

(य) **यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा** : छैन

S. ACHARYA & ASSOCIATES
Chartered Accountants
PAN No: 103766562

Putalisadak, Kathmandu
Tel: +977-9851198461, 9845549279
E-mail: sacharyaassociates@gmail.com

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

शेयरधनी महानुभावहरु,
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
बागलुङ नगरपालीका ३, बागलुङ

**वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन**

हामीले सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०७६( जुलाई १६, २०१९) को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बांडफांड हिसाव,नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण एवम् वित्तीय संस्थाद्धारा अपनाइएको प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गरेका छौं ।

राय:

१) हाम्रो रायमा व्यवस्थापनद्धारा पहिलेको वित्तिय लेखामान ( Previous GAAP) अनुसार तयार गरिएका वित्तीय विवरणहरुले वित्तीय संस्थाको आषाढ ३१, २०७६ को वित्तीय स्थीति, उक्त मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाबले वित्तीय नतिजा र नगद प्रवाह विवरणले नगद प्रवाहको यथार्थ चित्रण गर्दछ । तथापि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा लागू गरिएका नेपाल वित्तीय प्रतिवेदन मानहरु पहिलो पटक लागू गर्दा आवश्यक पर्ने वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुति र थप खुलासा यस वित्तीय संस्थाबाट नगरिएको कारण संलग्न वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम ठीक रहेको, नरहेको सम्वन्धि यकिन गर्न असमर्थ छौं र सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

२) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि को मंसीर २१, २०७६ को संचालक समितिको वैठकको निर्णय बमोजिम चैत्र १, २०७५ मा चारतारे युवा क्लब सिवाईसी नेपाल को लघुवित्त परियोजना बाट हस्तानन्तरण भएको कर्जा नोक्सानी व्यवस्था रु १२४,५३३,३१६ मध्ये रु २५,२५७,४७६ चारतारे युवा क्लब सिवाईसी नेपाललाई फिर्ता दिने निर्णय भएको र सो रकम आ.व २०७५/७६ को वित्तिय विवरणमा नै समायोजन गर्ने निर्णय भएकाले सो बराबरको रकम वित्तीय संस्थाले आ.व २०७५/७६ को अन्तमा कर्जा नोक्सानी व्यवस्थाबाट घटाई चारतारे युवा क्लब सिवाईसी नेपाललाई भुक्तानी दिनुपर्ने देखाएको छ । यसले गर्दा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकमा प्रस्तुत गरेको विभिन्न आवधिक प्रतिवेदन एवम सुचक र अन्यमा पर्ने असर समेत सम्बन्धी राय प्रकट गरिएको छैन ।

S. ACHARYA & ASSOCIATES * Kathmandu Nepal * Chartered Accountants

**रायको आधार:**

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त नेपाल लेखापरीक्षणमान बमोजिम हाम्रो दायित्वको बारेमा यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी" शिर्षक अन्तरगत थप उल्लेख गरिएको छ । वित्तीय संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखापरीक्षकको निम्ति जारी गरेको आचार संहिता "Handbook of the Code of Ethics for Professional Accountants" बमोजिम हामी यस वित्तीय संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी सम्पन्न गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त तथा उपयूक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**वित्तीय विवरणहरु प्रति व्यवस्थापन तथा शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको जिम्मेवारी:**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ एवम् उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तिबाट होस, सारभूत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थीति अनुसार लेखा सम्वन्धि महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा वित्तीय संस्थाको अविच्छिन्नता (Going Concern) सम्वन्धि संस्थागत निरन्तरता क्षमताको जांच गर्नु, लागु हुने भए अनुसार अविच्छिन्नता सम्वन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा संचालन बन्द वा उक्त कार्य गर्नु बाहेक अन्य उपयूक्त विकल्प नभएमा बाहेक अविच्छिन्नता सम्वन्धि लेखाको आधार प्रयोग गर्नु पदर्छ ।

वित्तीय संस्थाको वित्तीय प्रतिवेदन सम्वन्धि प्रक्रिया निरीक्षण गर्नु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमारहेको हुन्छ ।

**वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी:**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा त्रुटीको कारण सारभूत गल्तिबाट मूक्त छन, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चत भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन उच्च स्तरको आश्वासन हो । तर मनासिव आश्वासन प्राप्त भए पनि नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको सारभूत त्रुटि भएमा लेखापरीक्षण सिद्धान्तको अन्तरनिहित सीमितताको कारण सो सारभूत त्रुटि सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तिबाट निम्तिन्छन र ती त्रुटिहरुले एक्लै वा सामूहिक रुपमा वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने भएमा उक्त त्रुटिहरुलाई सारभूत ठानिन्छन ।

S. ACHARYA & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

लेखापरीक्षकको जिम्मेवारी सम्वन्धि थप अन्य कुराहरु:

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता प्रदान गर्दा हामीले व्यवसायिक क्षमता प्रयोग गरेका छौं । वित्तीय संस्थाको वित्तीय विवरणहरुमा जालसाजी वा भूलबाट हुन सक्ने सारभूत त्रुटिहरुको जोखिम पहिचान र तिनको मूल्यांकन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु जांच गरी यी जोखिमको न्यूनीकरण गर्न आवश्यक लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा तथा अवलम्वन गरेका छौं । भूलबाट हुने त्रुटि भन्दा जालसाजीबाट हुने त्रुटि पत्ता लगाउन नसक्ने जोखिम अधिक हुन्छ ।
- हामीले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई वित्तीय संस्था सुहाउंदो लेखापरीक्षण प्रक्रिया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि जानकारी लिएका छौं ।
- हामीले व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमानको औचित्यता एवम् वित्तीय विवरणहरुसंग सम्वन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्यांकन गरेका छौं ।
- व्यवस्थापनले गरेको अविच्छिन्नताको निश्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्यांकन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।
- स्वतन्त्र एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको छ र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्वन्ध तथा निराकण गर्नु पने अन्य विवरण तथा सोको उपायहरु शासकीय व्यवस्था वहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।
- बित्तीय विवरणहरुको समग्र ढांचा, लेखा नीति एवम् टिप्पणीहरुको उचित प्रस्तुति तथा सो वित्तीय विवरणले अन्तरनिहित कारोवारलाई उचित ढंगले प्रस्तुत गरेको अवस्था बारे यकिन गर्न आवश्यक मूल्यांकन गरेका छौं ।

अन्य कानुनी तथा नियामक आवश्यकता प्रति प्रतिवेदन:

माथि उल्लेखित व्योहोराको अतिरिक्त हामीले गरेका लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम उपलब्ध स्पष्टिकरणको आधारमा देहायको प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ प्राप्त गरेका छौं ।

ख) हाम्रो रायमा यो प्रतिवेदनसंग सम्वन्धित आषाढ ३१, २०७६ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण, लेखा सम्वन्धि विवरण र संलग्न अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार भएका छन र उक्त विवरण वित्तीय संस्थाले राखेको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखासँग दुरुस्त रहेको छन ।

ग) यस वित्तीय संस्थाको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाहरु प्रमुख लेखा नीतिको बुदा नं (१४) मा उल्लेख गरेको श्रम ऐन, २०७४ सम्वन्धि व्यवस्था बाहेक सारभूत रुपमा कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ लगायत अन्य प्रचलित कानून बमोजिम ठीकसँग राखिएका छन ।

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

(घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् वित्तीय संस्थाको खाताहरुको परीक्षण गर्दा यस वित्तीय संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कर्मचारीले प्रचलित कानून विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको वा वित्तीय संस्थाको सम्पत्ति हिनामिना गरेको वा वित्तीय संस्थालाई हानी नोक्सानी गरे, गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) यस आ.व. २०७५।७६ मा वित्तीय संस्थाले कर्जा अपलेखन गरेको छैन ।

(च) बैंक वा वित्तीय संस्थाको कारोबार राष्ट्र बैंकले तोके बमोजिम सन्तोषप्रद रुपबाट सञ्चालन भएको पाइयो ।

(छ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस वित्तीय संस्थाले व्याज आम्दानी नगद प्राप्तिको आधारमा लेखांकन गरेको छ ।

(ज) वित्तीय संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र नरहेको जानकारीमा आएन ।

(झ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पुंजीकोष राखेको छ ।

(ञ) वित्तीय संस्थाले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको जानकारीमा आएन ।

(ट) वित्तीय संस्थामा लेखासम्वन्धि कुनै जालसाजी भएको सम्वन्धि वित्तीय संस्थाको श्रेस्ता र सोको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

सि.ए. सागर आचार्य
एस.आचार्य एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

स्थान: काठमाण्डौं, नेपाल
मिति: २०७६।०९।०१
UDIN Number: 191217CA00808mWkEU

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

## वासलात

### २०७६ साल आषाढ मसान्त

| पूँजी तथा दायित्व | अनुसूची | यस बर्ष .रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | ७०,०००,०००.०० | ३६,६६०,०००.०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ११३,३१७,८४२.०९ | २६,४२९.६७ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | ५,६६४,०००.२० | - |
| ५. निक्षेप दायित्व | ४.५ | ६२५,२५५,२७७.६९ | - |
| ६. प्रस्तावित नगद लाभांश | | - | - |
| ७. आयकर दायित्व | | ३,७७६,२९९.३९ | - |
| ८. अन्य दायित्व | ४.६ | २२९,४३४,६४६.२० | ९६७,५०३.०० |
| **कुल पूँजी तथा दायित्व** | | १,०४७,४४८,०६५.५८ | ३७,६५३,९३२.६७ |
| **सम्पति** | **अनुसूची** | **यस बर्ष .रु.** | **गत.बर्ष .रु.** |
| १. नगद मौज्दात (सिक्का समेत) | | ७१२,०३५.०० | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | ३,५००,०००.०० |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | १४५,८५६,६६८.९६ | ३३,३५७,६३८.२७ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | - | - |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | ८८७,२९०,७५०.५९ | - |
| ७. स्थिर सम्पत्ति | ४.१० | ४,६५४,१५२.५३ | - |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ८,९३४,४५८.५० | ७९६,२९४.४० |
| **कुल सम्पत्ति** | | १,०४७,४४८,०६५.५८ | ३७,६५३,९३२.६७ |

| | |
|---|---|
| सम्भावित दायित्व | अनूसुची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनूसुची ४.२३ |
| पूँजीकोष तालिका | अनूसुची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनूसुची४.२४(क) |
| प्रमूख सूचकाङ्कहरु | अनूसुची ४.२५ |
| प्रमूख लेखा नीतिहरु | अनूसुची ४.२६ |
| लेखा सम्वन्धी टिप्पणीहरु | अनूसुची ४.२७ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

४.१ देखि ४.१३ सम्मका अनूसुचीहरु वासलातका अभिन्न अंग हुन् ।

पद्मनाथ शर्मा पौडेल
अध्यक्ष

लक्ष्मण खड्का
सञ्चालक

सीता शर्मा
सञ्चालक

सिए. सागर आचार्य
एस.आचार्य एण्ड एसोसिएटस
चार्टर्ड एकाउन्टेन्ट्स

अमृतप्रसाद उपाध्याय
सञ्चालक

रोशनकुमार अधिकारी
प्रमुख कार्यकारी अधिकृत

प्रतिभा शर्मा
वित्त विभाग प्रमुख

मितिः २०७६/०९/०१

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

## २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्म

## नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | यस बर्ष .रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १.ब्याज आम्दानी | ४.१४ | ६७,८२६,०८५.४० | २२५,५०३.२७ |
| २.ब्याज खर्च | ४.१५ | २७,४५९,७६७.१६ | - |
| **खुद ब्याज आम्दानी** | | ४०,३६६,३१८.२४ | २२५,५०३.२७ |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ११,१३८,५०९.९० | - |
| ४. सटही घटवढ आम्दानी | | - | - |
